# आदर्श कोतवाल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)

पत्र संख्याः०८०/०८१ 
चलानी नं. : २६

महेन्द्र आदर्श, बारा
मधेश प्रदेश, नेपाल

मितिः २०८०/०८/२१

श्री सामुदायिक विधालयहरु सबै
आदर्श कोतवाल गा.पा.

विषयः वैदेशिक रोजगार सन्तति छात्रवृति सम्बन्धी जरुरी सुचना

प्रस्तुत विषयमा विगत वर्षहरुमा वैदेशिक रोजगार बोर्डद्वारा शिक्षा विकाश तथा समन्वय इकाइ मार्फत प्रदान गर्दै आएको वैदेशिक रोजगार सन्तति छात्रवृति यस शैक्षिक सत्र२०८० देखि सम्बन्धित स्थानिय तह मार्फत प्रदान गर्ने भनी मिति२०८० मंसिर ४ गते वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सुचना प्रकाशित भएकोले मिति २०८० पौष ८ गते भित्रमा आवश्यक कागजात सँलग्न गरी छात्रवृति प्राप्त गर्न योग्यता पुगेका इच्छुक विधार्थीहरुले वैदेशिक रोजगार सन्तति छात्रवृति सन्चालन कार्यविधि २०८० बमोजिम आ-आफ्नो विधालयमा निवेदन पेश गर्नु हुन साथै सम्बन्धित विधालयले आवश्यक कागजात सहित यस गा.पा.को शिक्षा शाखामा निवेदन सहितको फायल पेश गर्नु हुन सवैमा जानकारी साथ अनुरोध छ ।

२०८०/०८/२१

जितेन्द्र प्रसाद यदिव
शिक्षा शाखा प्रमुख

जितेन्द्र प्रसाद यादव
शिक्षा शाखा प्रमुख

बोधार्थ
सुचना तथा प्रविधि शाखा आ.को गा.पा.
शिक्षा विकाश तथा समन्यव इकाइ कलैया,वारा

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०८०/८१
चलानी नं.:- ६१०

मितिः- २०८०/०८/०७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः- **वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रम सम्वन्धमा।**

प्रस्तुत विषयमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० वमोजिम वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शतप्रतिशत अशक्त भएका एवं यस सचिवालयको कल्याणकारी कोषवाट शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका श्रमिकका वालवालिकाहरुलाई उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आवद्ध गर्ने सम्वन्धमा यस मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार वोर्डको सचिवालयवाट मिति २०८०/०८/०४ गते वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने वारेको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भैसकेको हुँदा सो सन्दर्भमा तहाँ मन्त्रालय मार्फत सवै स्थानीय तह स्थित कार्यालयहरु तथा विद्यालयहरुमा परिपत्र गरी सहयोग गरिदिनु हुन निर्णयानुसार अनुरोध छ। साथै, वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० र मिति २०८०/०८/०४ गतेको वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८०) का लागि निवेदन दिने वारेको सूचनाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरिएको छ।

(चिरञ्जिजी लुईटेल)
शाखा अधिकृत

बोधार्थः-
श्री वैदेशिक रोजगार वोर्डको सचिवालय,
वबरमहल, काठमाडौं।

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाडौं ।

# वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मिति: २०८०/८/४)

वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं बैदेशिक रोजगार कल्याणकारी कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका बालवालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सो कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योगयता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० कार्यविधि बमोजिम आ-आफ्नो विद्यालयमा निवेदन पेश गर्नुहुन साथै सम्बन्धित विद्यालयले आवश्यक कागजात सहित आ-आफ्नो स्थानीय तहमा सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सिफारिस सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति सम्वन्धी थप बुझ्नुपरेमा सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार वोर्डको सचिवालयमा सम्पर्क गर्न सकिनेछ। विस्तृत विवरण सचिवालयको वेवसाईट www.feb.gov.np बाट कार्यविधि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**कार्यकारी निर्देशक**